नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

आज मिति २०७७/१२/१० गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी नायव उपरीक्षक | - श्री मनोज कुमार लामा | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| शा.अ. जिल्ला समन्वय सिमित | - श्री राजु कुँवर | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| नि.मे.सु., सिन्धुली अस्पताल | - डा. कृतिका श्रेष्ठ | - सदस्य |
| जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र शाह | - सदस्य |
| प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री पवन पाखिन | - सदस्य |

आमन्त्रित

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति, सिन्धुली | - श्री शंकरराज वर्मा तीवारी |
| नगर उप प्रमुख कमलामाई नगरपालिका | - श्री मञ्जु देवकोटा |
| सिन्धुली अस्पताल विकास समिति अध्यक्ष | - श्री प्रल्हाद प्रसाद पोखरेल |

निर्णयहरु:

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरवार, काठमाडौको चलानी नं. २८७६, मिति २०७७/१२/९ गतेको पत्रबाट प्राप्त भएको तपसिल अनुसारको निर्देशनहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

- निकट रहेको फागु पूर्णिमा (होली)को अवसरमा भिडभाड हुन नदिने ।

- कोभिड-१९ सक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आइसोलेशन केन्द्रलाई तयारी अवस्थामा राखी स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक तयारी गर्ने ।
- कोभिड-१९ संक्रमण थप फैलन नदिन विद्युतीय माध्यमबाट चेतनामुलक सन्देश प्रशारण गर्ने र स्वास्थ्य परीक्षण गराई संक्रमणको अवस्था पहिचान गर्ने ।
- Sanitizer, Mask र Social Distance (SMS) मापदण्ड पालना गर्न कडाई गर्ने ।
- मास्क नलगाउनेहरुलाई संक्रामक रोग ऐन बमोजिम कारवाही गर्ने ।
- रात्रीकालिन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा जिल्ला कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी भीडभाड हुन नदिने र अबेरसम्म सञ्चालन नहुनेगरी स्थानीय प्रशासनले समय निर्धारण गर्ने ।
- सीमा नाकाहरुबाट आउने व्यक्तिहरुको सम्बन्धमा :
  - यात्रुहरुको आवतजावतलाई व्यवस्थित गरी निजहरुको अनिवार्य रुपमा अभिलेख राख्ने ।
  - नेपाल प्रवेश गर्ने यात्रुहरुलाई अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराएर मात्र प्रवेश गर्न दिने ।

२. सबै स्थानीय तहरुलाई आ-आफ्नो स्थानीय तहमा भएका Quarantine र Isolation तयारी अवस्थामा राख्न अनुरोध गर्ने ।

२०७७/१२/१०

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी